जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २५७ २०८१ साल जेठ ५ गते शनिबार (18 May 2024 Saturday) मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

*यस अंक भित्र :* २ पृष्ठमा : मधेसमा सरकार गठनको... ३ पृष्ठमा : मौद्रिक नीति समीक्षा : सवारी... ३ पृष्ठमा : भारतले अर्को चुनावी गर्मीको...

# मधेश प्रदेशमा जनमतको नेतृत्वमा सरकार बनाउने पाँच दलबीच सहमति

**दैनिक समाचारदाता**
**राजविराज, ४ जेठ ।**

मधेश प्रदेशमा नयाँ सरकार गठनबारे पाँच दलबीच शुक्रबार सहमति भएको छ ।

नेकपा एमाले, जनमत पार्टी, माओवादी केन्द्र, लोसपा र नेकपा एकिकृत समाजवादीबीच नयाँ सरकार गठनबारे सहमति भएको हो ।

यसअघि एमाले र माओवादीले जसपा नेपालको नेतृत्वमा रहेको मुख्यमन्त्री सरोज यादवलाई दिएको समर्थन फिर्ता लिएपछि सरकार अल्पमतमा परेको थियो ।



मधेश सरकार अल्पमतमा परेसंगै नयाँ सरकार गठनका लागि आन्तरिक छलफलमा रहेका पाँच दलमा सहमति बनेपछि जनमत पार्टीको नेतृत्वमा सरकार गठन हुने तय भएको छ ।

जनमतका संसदीय दलका नेता महेश प्रसाद यादव मुख्यमन्त्री बन्ने पार्टी स्रोतले जनाएको छ ।

'शुक्रवार मधेश प्रदेशमा नयाँ सरकार गठनबारे एमाले, जनमत, माओवादी, लोसपा र नेकपा एसबीच जनमत पार्टीबाट महेश प्रसाद यादवलाई मुख्यमन्त्री बनाउने सहमती बनेको छ ।' स्रोतले भने ।

स्रोतका अनुसार "शनिवार मधेश प्रदेशका पाँच दलका नेताहरु बैठक गरि सरकार गठनबारे औपचारिक छलफल गरेर बहुमत प्रदेशसभा सदस्यको हस्ताक्षरसहित प्रदेश प्रमुख समक्ष दावी पेश गरिने तयारी भईरहेको छ ।"

यता अल्पमतमा रहेका मुख्यमन्त्री सरोज यादवले पनि आफ्नो सरकार जोगाउन प्रयास गरिरहे पनि हालसम्म बहुमत पुऱ्याउन सकिने छाँटकाँछ भने देखिएको छैन् ।

# ट्रकको ठक्करबाट साइकल यात्रुको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ४ जेठ ।**

ट्रकले ठक्कर दिएपछि एक साइकलयात्री बृद्धाको शुक्रबार घटनास्थलमै ज्यान गएको छ ।

सप्तरीको खडक नगरपालिका ५ खरचुहिया बस्ने ६० वर्षिय माखन साहले ट्रकले ठक्करबाट ज्यान गएको हो ।

पश्चिमबाट पूर्वतर्फ जाँदै गरेको ना.८ख. २८१६ नम्बरको मालबाहक ट्रकले पूर्वपश्चिम राजमार्ग अन्तरगत सोही नगरपालिकाको वडा ६ रन्जितपुर खण्डमा ठक्कर दिँदा उनको घटनास्थलमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

स्थानीयले तिब्र गतिमा रहेको ट्रक अर्को सवारीसाधानलाई ओभरटेक गर्ने क्रममा सो दुर्घटना भएको बताएका छन् ।

ठक्कर दिने ट्रकका चालक प्युठान जिल्ला निवासी ४० वर्षिय बमबहादुर पुनः र ट्रक नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डिएसपी ढुण्डिराज नेउपानेले बताए ।

उनले मृतकको क्षतविक्षत अवस्थामा रहेको शव पोष्टमार्टमाका लागि स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा पुऱ्याई थप अनुसन्धान भइरहेको बताए ।

*बाँकी दुई पृष्ठमा*




# मनाइयो जानकी नवमी




**दैनिक समाचारदाता**
**राजविराज, ४ जेठ ।**

जानकी नवमीको अवसरमा शुक्रबार सप्तरीका विभिन्न धार्मिक अनुष्ठानका साथै मैथिली साहित्य परिषद् तथा मैथिल महिला परिषद् सप्तरीद्वारा प्रभातफेरी र झाँकी कार्यक्रमको आयोजना गरिएको छ ।

स्थानीय पब्लिक बिन्देश्वरी माध्यमिक विद्यालयको प्राङ्गणबाट प्रभातफेरी तथा आकर्षक झाँकी र बाजागाँजासहित निस्केको जुलुस नगर परिक्रममा पश्चात् जिल्ला समन्वय समितिको सभाकक्षमा पुगेर कार्यक्रममा परिणत भएको थियो ।

वैशाख शुक्ल नवमीका दिन महामाया महालक्ष्मी जगत जननी माता सीताको रुपमा मिथिलाको धर्तीबाट प्रकट भएको हुन् भन्ने पौराणिक धार्मिक मान्यता रही आएको छ ।

माता सीता प्रकट भएको बैशाख शुक्ल नवमीको तिथिलाई सीता नवमी र जानकी नवमी भनेर सम्बोधन गर्ने गरिएको मैथिली साहित्य परिषद्का अध्यक्ष अवधेश झाको भनाई छ ।

प्रभातफेरी तथा झाँकी प्रदर्शन कार्यक्रममा सर्वसाधारण, मैथिली अभियानी, सुरक्षा निकायका प्रमुख तथा विभिन्न संघ संस्थाका प्रतिनिधि उल्लेख्य रुपमा सहभागि भएका थिए ।

# भङ्गहा-जनकपुर-जयनगर रेल्वे सेवा तीन दिन बन्द हुने

जलेश्वर, ४ जेठ (रासस) ।

भङ्गहा-जनकपुर-जयनगर रेल्वे सेवा आउँदो शनिबारदेखि तीन दिनसम्मको लागि बन्द रहने भएको छ । नेपाल रेल्वे कम्पनी लिमिटेडका प्रबन्ध सञ्चालक नीरञ्जनकुमार झाले बिहीबार एक विज्ञप्त जारी गर्दै यही जेठ ५ गते शनिबारदेखि जेठ ७ गते सोमलबारसम्म रेलसेवा पूर्ण रुपमा बन्द रहने जानकारी दिनुभएको हो ।

*बाँकी दुई पृष्ठमा*

लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको हकअधिकार सुनिश्चित गरौं

संविधानले लैङ्गिक तथा यौनिक अल्पसंख्यकलाई सामाजिक न्यायको हक प्रदान गरेको छ।

लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदायको,
➢मानवाधिकार र मौलिक हकको रक्षा गरौं,
➢सामाजिक मर्यादा र सुरक्षा सुनिश्चित गरौं,
➢विकास निर्माण र सेवा प्रवाहमा सहभागिता सुनिश्चित गरौं,
➢उनीहरुप्रति सकारात्मक दृष्टिकोणको विकास गरौं,
➢लैङ्गिक तथा यौनिक अल्पसंख्यकमैत्री वातावरण निर्माण गरौं,
➢वैयक्तिक स्वतन्त्रता, आत्मसम्मान र न्यायको पक्षमा वकालत गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### शिक्षामा ध्यान पुगोस्

विभिन्न पारिवारिक कारणले तथा आर्थिक अवस्था कमजोर रहेका बालबालिकाहरु अहिले घरेलु कामदार बन्न बाध्य छन् । घरेलु कामदार, होटल, ईटा भट्टा लगायतमा बालश्रम गर्न उनीहरु बाध्य छन् । उनीहरु त्यही श्रम गरेर आफ्नो तथा परिवारको गुजारा चलाइराखेका छन् । बालश्रम यस्तो जटिल शब्द हो जुन सरकारी नीतिलाई कार्यान्वयन गर्न सकिएको छैन् ।

भविष्यका कर्णाधार मानिने बालबालिकाहरु सहर मात्र नभएर ग्रामिण भेगहरुमा रहेका होटल तथा लँजहरुमा दिनभरी बालश्रम गर्न बाध्य छन् । कत्तिपयले घरको आर्थिक अवस्था कमजोर भएकाले पढ्न नसकेर बालश्रम गरी आफ्नो र आफ्नो घर परिवारको समेत गुजारा चलाउन बाध्य छन् । बालमजदुरी वा श्रमलाई न्युनीकरणका लागि सरकारीस्थरबाटै एउटा दिर्घकालिन नीति निर्माण आवश्यक छ । जसले उनीहरुको पारिवारिक अवस्था तथा शिक्षा हासिल गर्न मद्दत पुगोस् ।

सरकारले बालबालिकाहरुलाई उचित शिक्षाका लागि विशेष ध्यान दिदा पनि त्यसको खासै असर परेको देखिन्न् । तसर्थ शिक्षामा बालबालिकाको पहुँचलाई सहज गर्नका लागि सम्बन्धीत निकायको गम्भिर ध्यानाकर्षण हुनु जरुरी छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मधेसमा सरकार गठनको कसरत

जनकपुर, ४ जेठ (रासस) ।

मधेश प्रदेशमा जनता समाजवादी पार्टी (जसपा) नेपाल संसदीय दलका नेता सरोजकुमार यादव नेतृत्वको सरकारका साझेदार दलले समर्थन फिर्ता लिएपछि अहिले सरकार गठन चुनौतिपूर्ण बनेको छ ।

जसपाले आफ्नो नेतृत्वमा रहेको सरकारको निरन्तरताका लागि विभिन्न दलसँग संवाद गरिरहेको छ । नेकपा (माओवादी केन्द्र) र नेकपा (एमाले) ले समर्थन फिर्ता लिएपछि सरकार जोगाउन जसपाले अन्य दलसँग संवाद तीव्र बनाएको छ । एमाले र माओवादी पनि आआफ्नो नेतृत्वमा सरकार बनाउनका लागि अन्य दलसँग साथ र समर्थन मागिरहेका छन् ।

विगतदेखि नै सङ्घीय सरकारभन्दा मधेश प्रदेश सरकारलाई प्राथमिकतामा राख्ने गरेको जसपाले सङ्घीय सरकारबाट बाहिरिएलगत्तै अन्य दलसँग संवाद सुरू गरिसकेको छ । पार्टी अध्यक्ष उपेन्द्र यादवले उपप्रधानमन्त्री तथा स्वास्थ्यमन्त्री र नेता दीपक कार्कीले राज्यमन्त्रीबाट राजीनामा दिँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएर मधेशमा सरकार जोगाउन जोड गरिरहनुभएको छ । अध्यक्ष यादवले लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका अध्यक्ष महन्थ ठाकुरलाई उहाँकै निवासमा पुगेर सरकारलाई समर्थन गर्न आग्रह गर्नुभएको छ भने अन्य दलसँग पनि संवादका लागि पहल गरिरहनुभएको छ ।

सरकारलाई समर्थन गरिरहेको नेकपा (एकीकृत समाजवादी) लाई साथमै राख्ने र सरकारबाहिर रहेका नेपाली कांग्रेस, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), जनमत पार्टीलगायतलाई सरकारमा ल्याउन जसपाले पहल गरिरहेको सो पार्टीका प्रमुख सचेतक रामअशिष यादवले जानकारी दिनुभयो । "हामी सरकारको निरन्तरताका लागि सबै दलसँग संवाद र सहकार्य गर्न तयार छौं । सबैसँग छलफल भइरहेकाले यही सरकारले निरन्तरता पाउँछ भन्नेमा हामी आशावादी पनि छौं र यसका लागि संसदीय दलले संवाद बढाउने निर्णय गरिसकेको छ", उहाँले भन्नुभयो ।

एकीकृत समाजवादी मधेश प्रदेश संसदीय दलका नेता एवम् भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री गोविन्दबहादुर न्यौपाने आफूसहितको सरकार जोगाउन पार्टीले पहल गर्ने बताउनुहुन्छ । उहाँले भन्नुभयो, "हामीले जसपा नेपाल नेतृत्वको सरकारलाई विश्वासको मत दिएका थियौं, अहिले पनि यही सरकारमा छौं । यो सरकारलाई निरन्तरताका लागि पहल गर्नु हाम्रो पनि दायित्व हो त्यो पूरा गर्छौं ।"

अहिले पुर्नगठन गरिएको सरकारमा मुख्यमन्त्रीसहित पाँच मन्त्री र एक जना राज्यमन्त्री छन् । त्यसमा नेकपा एकीकृत समाजवादीका दुई मन्त्री रहनुभएको छ । मधेस प्रदेशसभामा जसपाका १९ र नेकपा एकीकृत समाजवादीको सात सांसद छन् । जसपा नेपालको नेतृत्वमा सरकार टिकाउन अझै २८ मत आवश्यक हुन्छ । जसपाले २२ मत रहेको नेपाली कांग्रेसको साथ खोजिरहेको छ तर कांग्रेसले भने आफ्नै नेतृत्वमा सरकार बनाउन पहल गरिरहेको छ । कांग्रेस मधेस प्रदेशसभाका संसदीय दलका उपनेता विरेन्द्रकुमार सिंहले अब आफ्नै पार्टीको नेतृत्वमा सरकार बनाउन छलफल भइरहेको बताउनुहुन्छ । त्यसका लागि नेकपा (माओवादी केन्द्र) र नेकपा (एमाले) बाहेक सबै दलसँग छलफल भइरहेको उहाँको भनाइ छ ।

यसअघि गत मङ्गलबार कांग्रेस मधेस प्रदेशका सभापति एवम् प्रदेशसभा संसदीय दलका नेता कृष्ण यादवले नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाललाई भेटेर मधेस प्रदेशमा सरकार बनाउनका लागि सहयोग गर्न आग्रह गरेका छन् । लोसपाका उपाध्यक्ष एवम् मधेस प्रदेशसभा सदस्य जितेन्द्र सोनल जसपा नेपाललाई सहयोग गर्ने अवस्था नरहेको बताउनुहुन्छ । आफ्नो पार्टीले विपक्षमा रहेका कांग्रेसलगायत दलसँग संवाद गरिरहेकाले सोही सहमतिअनुसार अगाडि बढ्ने उहाँको भनाइ छ ।

मधेस प्रदेशमा एमालेको २५, कांग्रेसको २२, जसपा नेपालको १९, जनमत पार्टीको १३, लोसपा र माओवादी केन्द्रको नौ/नौ, नेकपा एकीकृत समाजवादीको सात र नेपाल सङ्घीय समाजवादी पार्टी, नागरिक उन्मुक्ति पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीसँग एक-एक सांसद छन् ।

माओवादी केन्द्र र एमालेले पनि सरकार बनाउन पहल सुरु गरेका छन् । यी दुई दलले पनि जसपा नेपालबाहेक अन्य सबै दलसँग कुराकानी गरिरहेका छन् । एमाले र माओवादीसँग जम्मा ३२ सिट छ । सरकार बनाउन यो पक्षलाई थप २२ सिटको आवश्यकता छ । एमालेसहितको पक्षले जनमत पार्टीले जसपा नेपाल इतर सरकार गठनका लागि सहयोग गर्ने अपेक्षा गरिरहेको छ ।

# प्रतिनिधिसभाको बैठक स्थगन

काठमाडौं, ४ जेठ (रासस) ।

प्रतिनिधिसभाको शुक्रबारका लागि तय भएको बैठक स्थगन भएको छ । सभाको अर्को बैठक यही जेठ ६ गते बिहान ११ बजेका लागि तय भएको संसद सचिवालयका महासचिव पद्मप्रसाद पाण्डेयले जानकारी दिनुभयो ।

प्रमुख प्रतिपक्ष दल नेपाली काङ्ग्रेसले सहकारीको रकम हिनामिना भएको विषयलाई लिएर संसदीय छानबिन समिति गठनको माग गर्दै बैठक अवरोध गर्दै आएको छ ।

यसअघि शुक्रबार बिहान ११ बजे बस्ने गरी बैठक बोलाइए पनि सूचना टाँस गरी दिउँसो २ बजेका लागि तय भएको थियो । तर विशेष कारणले बैठक बस्न नसकेको भन्दै शुक्रबारको बैठक स्थगत गरिएको संसद् सचिवालयले जनाएको छ ।

### ट्रकको ठक्करबाट ...

पक्राउ परेका चालकमाथी सवारी ज्यान मुद्दा अन्तरगत कारवाही प्रक्रिया अघि बढाइएको प्रहरीको भनाई छ ।

घटनापछि आक्रोसित स्थानीयवासिन्दाले करिब २ घण्टा राजमार्ग अवरुद्ध गरेका थिए । घटनास्थलमा पुगेका प्रहरी अधिकारीले दोषिलाई कानुन बमोजिम कारवाही तथा मृतक परिवारलाई उचित क्षतिपूर्तिका लागि पहल गर्ने प्रतिवद्धता जनाएपछि आवागमन सूचारु भएको जनाइएको छ ।

### भङ्गहा-जनकपुर ...

उहाँले विज्ञप्तिमा भारतको बिहार राज्यको मधुबनी जिल्लाको मधुबनी संसदीय क्षेत्रमा यही जेठ २० मा लोकसभाको निर्वाचन हुने भएकोले शनिबारदेखि सोमबारसम्म ७२ घण्टाका लागि नेपाल रेल्वे सेवा पूर्ण रुपमा बन्द गरिने उल्लेख गर्नुभएको हो । विज्ञप्तिमा रेल्वे सेवा जेठ ८ गतेदेखि पुनः साविक बमोजिम नियमित रुपमा सञ्चालन हुने जनाइएको छ ।

हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई
स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- बिहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा बिहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिं आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

अनुरोधकर्ता
बलानबिहुल गाउँपालिकाको कार्यालय, सप्तरी

# मौद्रिक नीति समीक्षा : सवारी कर्जाको जोखिमभार घट्यो

काठमाडौँ, ४ जेठ (रासस) ।

नेपाल राष्ट्र बैंकले चालु आर्थिक वर्ष २०८०/८१ को मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षा गर्दै सवारी कर्जाको जोखिमभार घटाएको छ भने घरजग्गा कर्जा केही सहज बनाएको छ ।

मौद्रिक नीतिको तेस्रो त्रैमासिक समीक्षामार्फत बैंक तथा वित्तीय संस्थाले प्रवाह गर्ने विद्यमान एक सय २५ प्रतिशत जोखिमभार रहेका हायर पर्चेज प्रकृतिका कर्जाको जोखिमभार घटाई एक सय प्रतिशत कायम गरिएको छ ।

त्यसैगरी घर जग्गा खरिद प्रयोजनका लागि ऋण भुक्तानी आम्दानी अनुपात (डेब्ट सर्भिस टु ग्रस इनकम रेसियो) लाई सहजीकरण गरी कर चुक्त प्रमाण पेस गरेका आधारमा विद्यमान ५० प्रतिशतबाट ७० प्रतिशत कायम गरिने व्यवस्था ल्याइएको राष्ट्र बैंकले जनाएको छ ।

बैंक तथा वित्तीय संस्थाको एक वर्ष अवधि व्यतित भइसकेका लगानीमध्येबाट एक आर्थिक वर्षमा आफ्नो प्राथमिक पुँजीको २० प्रतिशतसम्म बिक्री गर्न पाउने व्यवस्था मौद्रिक नीतिको समीक्षाबाट ल्याइएको छ ।

त्यसैगरी बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित असल वर्गमा वर्गीकरण भएका कर्जाका लागि गर्नुपर्ने विद्यमान कर्जा नोक्सानी व्यवस्था एक दशमलव २५ प्रतिशतबाट घटाई एक दशमलव २० प्रतिशत कायम गरिएको छ । चाँदी आयात तथा बिक्रीवितरणसम्बन्धी विद्यमान व्यवस्थामा पुनरावलोकन गरिने पनि नेपाल राष्ट्र बैंकले जनाएको छ ।

वार्षिक मौद्रिक नीतिमा लिइएको लचिलो कार्यदिशालाई तेस्रो त्रैमासिक समीक्षामा पनि निरन्तरता दिइएको राष्ट्र बैंकको भनाइ छ । "आन्तरिक तथा बाह्य आर्थिक स्थिति र परिदृश्य समेतका आधारमा विद्यमान पाँच दशमलव पाँच प्रतिशतको नीतिगत दर, ब्याजदर करिडोरअन्तर्गतको तीन प्रतिशतको निक्षेप सङ्कलन दर र सात प्रतिशतको बैंक दरलाई यथावत राखिएको छ", मौद्रिक नीतिको समीक्षामा भनिएको छ, "विद्यमान अनिवार्य नगद अनुपात र वैधानिक तरलता अनुपातसम्बन्धी व्यवस्थालाई यथावत राखिएको छ ।"

ब्याजदर करिडोरलाई प्रभावकारी बनाउन स्थायी निक्षेप सुविधा प्रदान गर्ने व्यवस्थामा आवश्यक पुनरावलोकन गरिने राष्ट्र बैंकले जनाएको छ । साथै बैंक तथा वित्तीय संस्थाको पुँजीकोष थप सुदृढ गर्ने सम्बन्धमा अतिरिक्त उपकरण प्रयोगमा ल्याउन आवश्यक सहजीकरण गरिने जनाइएको छ ।

# आगामी दुई दिन गर्मी बढ्ने, सावधानी अपनाउन आग्रह

काठमाडौँ, ४ जेठ (रासस) ।

विगत केही दिनदेखि देशका अधिकांश भूभागको अधिकतम तथा न्यूनतम तापक्रम क्रमिक रूपमा वृद्धि भइरहेको छ । आगामी दुई दिन अत्यधिक गर्मी हुने र तातो हावा चल्ने जोखिम रहेको जनाउँदै जल तथा मौसम विज्ञान विभागले सावधानी अपनाउन अनुरोध गरेको छ ।

विभागले बिहीबार अपराह्न जारी गरेको 'तातो दिन तथा तातो लहरसम्बन्धी विशेष बुलेटिन' अनुसार तराईमा धेरै गर्मी र हावासमेत तातो हुनेछ । "विगत केही दिनदेखि देशका अधिकांश भागको अधिकतम तथा न्यूनतम तापक्रम क्रमिक रुपमा वृद्धि भइरहेको देखिन्छ । सुदूरपश्चिम र लुम्बिनी प्रदेशका तराई भागका केही स्थानमा विगत केही दिनदेखि अधिकतम तापक्रम ४० डिग्री सेल्सियस वा सोभन्दा बढी मापन गरिएको छ", बुलेटिनमा भनिएको छ ।

आगामी केही दिनसम्म देशभरको तापक्रमको अवस्थाको विश्लेषणअनुसार तराईका भूभागमा अत्यधिक गर्मीको सम्भावना रहकाले आवश्यक तयारी गर्नुहुन तथा आवश्यक सतर्कता अपनाउन अनुरोध गरिएको छ ।

साथै विभागले तातो लहरको असरबाट बच्न गर्मीको समयमा घरभित्र नै रहन, घरबाहिर नजान, हलुका र सुतीका कपडा लगाउन, घरबाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित र पटक-पटक पानी तथा झोल पदार्थ पिउने सुझाव दिएको छ ।

तातो हावा तथा तातो लहर (लू)बाट थकाई लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोस हुने, मांसपेसीहरू दुख्ने, बान्ता हुनसक्ने भएकाले लूबाट बच्न सुझाएको छ ।

# जेठ ७ गते विश्वासको मत लिन प्रधानमन्त्रीद्वारा पत्राचार

काठमाडौँ, ४ जेठ (रासस) ।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले प्रतिनिधिसभाबाट पुनः विश्वासको मत लिनुहुने भएको छ ।

प्रधानमन्त्री दाहालले यही जेठ ७ गते विश्वासको मत लिने विषयलाई संसद्को कार्यसूचीमा राख्न सङ्घीय संसद् सचिवालयलाई पत्र पठाउनुभएको सभामुखका प्रेस सल्लाहकार शेखर अधिकारीले राससलाई जानकारी दिनुभयो ।

सरकारमा सहभागी जनता समाजवादी पार्टी नेपालले गत वैशाख ३१ गते संविधानको धारा ७६ को उपधारा (२) बमोजिमको प्रधानमन्त्री दाहाल नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिँदै सरकारबाट बाहिरिएपछि प्रधानमन्त्रीले पुनः विश्वासको मत लिन लाग्नुभएको हो ।

प्रधानमन्त्रीले संविधानको धारा १०० को उपधारा (२) अनुसार विश्वासको मत लिन लाग्नुभएको हो । प्रधानमन्त्रीले प्रतिनिधित्व गर्ने दल विभाजित भएमा वा सरकारमा सहभागी दलले आफ्नो समर्थन फिर्ता लिएमा तीस दिनभित्र प्रधानमन्त्रीले विश्वासको मतका लागि प्रतिनिधिसभा समक्ष प्रस्ताव राख्नुपर्ने संवैधानिक व्यवस्था छ ।

नेपाल कम्युनिष्ट पार्टी ( माओवादी केन्द्र) का अध्यक्ष दाहाल नेतृत्वको वर्तमान सरकारलाई नेपाल कम्युनिष्ट पार्टी (एमाले), राष्ट्रिय स्वतन्त्र पार्टी, नेपाल कम्युनिष्ट पार्टी ( एकीकृत समाजवादी)लगायत दलको समर्थन छ ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म ब्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**

**अग्निसाइर कृष्णासवरण गाउँपालिकाको कार्यालय, सप्तरी**


## विश्व समाचार

# भारतले अर्को चुनावी गर्मीको सामना गर्ने मौसम विभागको चेतावनी

नयाँदिल्ली, ४ जेठ (रासस/एएफपी) ।

भारतले तीन सातामा दोस्रो पटक तातो लहर (लू) को सामना गरिरहेको मुलुकको मौसम ब्युरोले चेतावनी दिएको छ । यसमा छ साताको निर्वाचनमा लाखौं मानिसले मतदान गर्ने क्षेत्र पनि समावेश छन् ।

सन् २०१९ को पछिल्लो राष्ट्रिय निर्वाचनको तुलनामा जारी मतदानमा भएको गिरावटका लागि प्रधानमन्त्री नरेन्द्र मोदीले सजिलै तेस्रो कार्यकाल जित्नुहुने व्यापक अपेक्षाका साथै गर्मीमा औसतभन्दा धेरै तापक्रम पनि कारक रहेको विश्लेषकहरूले बताएका छन् ।

सात चरणको निर्वाचनमा नयाँ चरणको मतदान सोमबार हुनेछ । यसमा मतदान हुने भारतका केही भागमा तापक्रम सामान्यभन्दा दुईदेखि तीन डिग्री सेल्सियस बढी हुने अपेक्षा गरिएको छ ।

उत्तर प्रदेश, पश्चिम बङ्गाल, महाराष्ट्र र झारखण्ड राज्यमा सोमबार मतदान हुँदैछ । त्यहाँ ४० डिग्री सेल्सियसको हाराहारीमा तापक्रमसहित 'मध्यम' लू चल्ने अपेक्षा गरिएको बिहीबार राति गरिएको पूर्वानुमानमा बताइएको थियो ।

भारतीय मौसम विभागले शिशु, वृद्ध र दीर्घरोगीहरूका लागि 'मध्यम स्वास्थ्य चिन्ता' को चेतावनी दिँदै ती राज्यका बासिन्दालाई गर्मीबाट बच्न सल्लाह दिएको छ । राजधानी दिल्लीमा पनि सप्ताहन्तमा अधिकतम तापक्रम ४५ डिग्री सेल्सियस पुग्ने अपेक्षा गरिएको पूर्वानुमानमा उल्लेख छ ।

दक्षिण र दक्षिणपूर्वी एसियामा करोडौं मानिसले गत महिना लामो समयसम्म गर्मीको सामना गर्नुपर्दा फिलिपिन्स र बङ्गलादेशमा विद्यालय बन्द गर्नुपरेको थियो ।

भारतको निर्वाचन आयोगले प्रत्येक चरणको मतदानअघि गर्मीको लहर (लू) र आर्द्रताको प्रभावको समीक्षा गर्नका लागि कार्यदल गठन गरेको गत महिना बताएको थियो । नयाँदिल्ली नजिकैको सहर मथुरामा अप्रिलको अन्त्यमा मतदानको दिन तापक्रमले ४१ डिग्री सेल्सियस पार गरेपछि मतदानमा पाँच वर्षअघिको तुलनामा करिब नौ अङ्कले गिरावट आएको निर्वाचन आयोगको आँकडाले देखाएको छ ।

प्रधानमन्त्री मोदीले यसै महिना आफ्नो गृहराज्य गुजरातमा मत खसालेपछि मतदाताहरूलाई मतदानको दिन 'सकेसम्म धेरै पानी पिउन' आग्रह गर्नुभयो ।

भीषण गर्मीको तापक्रमबाट भारत अछूतो छैन तर वर्षौंको अनुसन्धानबाट जलवायु परिवर्तनका कारण एसियाली उपमहाद्वीप र विश्वभर गर्मीको लहर लामो, लगातार र अधिक तीव्र बनिरहेको पत्ता लागेको छ ।

यसै साता वित्तीय राजधानी मुम्बईसहित मुलुकका धेरै भागमा भीषण आँधी आएको छ । आँधीका कारण मुम्बईमा विशाल बिलबोर्ड खस्दा १६ जनाको मृत्यु हुनुका साथै दर्जनौं मानिस भग्नावशेषमा फसेका थिए । बिहीबार पश्चिम बङ्गालमा आँधी र चटचाङबाट कम्तीमा ११ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् ।

# भारतमा चट्याङले १२ को मृत्यु

नयाँदिल्ली, ४ जेठ (रासस/सिन्ह्वा) ।

भारतको पूर्वी राज्य पश्चिम बङ्गालमा बिहीबार चट्याङ पर्दा कम्तीमा १२ जनाको मृत्यु हुनुका साथै अन्य धेरै घाइते भएको अधिकारीहरूले बताएका छन् ।

पश्चिम बङ्गालको राजधानी कोलकाताबाट करिब तीन सय २७ किलोमिटर उत्तरमा रहेको माल्दा जिल्लामा चट्याङ प्रहारमा हताहतजन्य घटना भएको बताइएको छ ।

अधिकारीहरूले सबै पीडित चट्याङ परेको समयमा घरबाहिर बगैंचा तथा खेतमा काम गरिरहेका अवस्थामा उनीहरुमाथि प्रहार गरेकाले धेरै मानिसको मृत्यु भएको स्रोतले जनाएको छ ।

# विद्यार्थी मृत फेला परेपछि आक्रोशित भिडद्वारा पटनाको स्कुलमा आगलागी

पटना (भारत), ४ जेठ (रासस/एएनआई) ।

बिहारको राजधानी पटनास्थित एक विद्यालय परिसरको ट्याङ्कीभित्र एक विद्यार्थीको शव फेला परेपछि शुक्रबार बिहान आक्रोशित भिडले विद्यालयमा आगो लगाएको प्रहरीले जनाएको छ ।

स्रोतका अनुसार घटना दिघा प्रहरीअन्तर्गतको रामजिचक क्षेत्रमा भएको हो । आक्रोशित आफन्त तथा स्थानीयहरूले सडक अवरुद्ध गरी स्कुलमा आगो लगाएका थिए ।

स्कुल गएका करिब तीन वर्षका बालक स्कुलपछि ट्युसन लिने गर्थे । साँझ घर नफर्किएपछि परिवारले उनको खोजी गर्‍यो । उनको शव शुक्रबार बिहान तीन बजे विद्यालय परिसरको ट्याङ्की भित्रबाट निकालिएको प्रहरीले जनाएको छ ।

घटनाबाट आक्रेशित स्थानीयहरूले सडक अवरुद्ध गरी विद्यालयमा आगो लगाएका थिए भने घटनास्थलमा पुगेका फायर टेन्डरहरूले आगो निभाउन सफल भए ।

मस्वरिष्ठ प्रहरी अधिकारीहरूले अनुसन्धान सुरु गरेको बताएका छन् । पाटनाका प्रहरी अधीक्षक चन्द्र प्रकाशले घटनाको विवरण दिँदै आमाबाबुले राति ढिलो जानकारी दिएपछि प्रहरी टोली घटनास्थलमा पुगी प्रमाण सङ्कलन गरेको बताउनुभयो ।

ससिटिभीमा बच्चा स्कुलमा प्रवेश गरेको तर कुनै पनि विन्दुमा उनी स्कुल परिसरबाट बाहिर निस्किएको देख्न नसकिएकाले घटनालाई हत्याको मुद्दाका रूपमा अनुसन्धान गर्ने प्रहरीले जनाएको छ ।

आपराधिक उद्देश्यको घटनाको प्रवृत्ति देखा परेकाले तीन जनालाई हिरासतमा राखी अनुसन्धान सुरु गरेको प्रहरीले जनाएको छ ।

# विद्यालयमा थप कक्षा कोठा निर्माण हुँदै



**दैनिक समाचारदाता**
**राजविराज, ४ जेठ ।**

सप्तरीको छिन्नमस्ता गाउँपालिका ५ स्थित दलित राष्ट्रिय प्राथमिक विद्यालयमा थप कक्षाकोठा भवन निर्माण हुने भएको छ ।

मधेश प्रदेश सरकारको २५ लाखको लागतमा निर्माण हुने उक्त दुई कोठे भवनको शुक्रबार शिलान्यास गरिएको छ ।

छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरीले एक कार्यक्रमबीच उक्त भवन निर्माण कार्यको शिलान्यास गरेका छन् ।

सो अवसरमा प्रधानाध्यापक सुजित ठाकुर, वडा अध्यक्ष जयप्रकाश ठाकुर तथा स्थानीय अभिभावकहरु समेत ठूलो संख्यामा उपस्थित थिए । भवन निर्माण कार्य डेढ महिनाभित्रै सम्पन्न गर्ने लक्ष्य रहेको विद्यालयले जनाएको छ ।

# मधेस प्रदेशका चार जिल्लाको सीमानाका तीन दिन बन्द रहने

जनकपुरधाम, ३ जेठ (रासस) ।

भारतीय सीमासँग जोडिएका मधेस प्रदेशका चार जिल्लाका सीमानाका शुक्रबार राति १२ बजेदेखि तीन दिनका लागि बन्द रहने भएका छन् ।

भारतको विहार राज्यअन्तर्गत मधुवनी जिल्लामा हुन लागेको निर्वाचनका लागि यहाँका सिरहा, धनुषा, सप्तरी तथा महोत्तरीका सीमानाका बन्द हुने सम्बन्धित जिल्ला प्रशासन कार्यालयले जनाएका छन् ।

आगामी सोमबार मधुवनीको मधुवनी संसदीय क्षेत्रमा मतदान हुन लागेकाले शुक्रबार जेठ ४ गते शुक्रबार राति १२ बजेदेखि ७ गते राति १२ बजेसम्म नेपाल-भारत सीमानाका बन्द रहने जनाइएको छ ।

विहारको मधुवनी जिल्ला प्रशासनले नेपालको चार जिल्लाका प्रमुख जिल्ला अधिकारीलाई पत्र लेखी सोमबार हुने निर्वाचनका लागि ७२ घण्टा अगाडि सीमा बन्द गर्न आग्रह गरेबमोजिम सीमानाका बन्द गरिने भएका हुन् ।

यसैबीच सोही निर्वाचनलाई लक्षित गरी नेपालको एकमात्र रेलवे सेवा तीन दिनका लागि बन्द हुने भएको छ । रेलवे कम्पनीका महाप्रबन्धक निरञ्जन झाद्वारा जारी सूचनामा भङ्गाह-जनकपुरधाम-जयनगर खण्डमा सञ्चालन हुने रेल सेवा तीन दिन बन्द रहने जनाइएको छ ।


भर्ना खुल्यो । भर्ना खुल्यो ॥ भर्ना खुल्यो ॥।

## Wisdom School

Rajbiraj 2, (Near Rajdevi Mandir)

**Play Group to Class 9**

"गुणस्तरिय शिक्षा हाम्रो प्रतिबद्धता"

हाम्रो विशेषताहरु

– दक्ष तथा अनुभवी शिक्षक शिक्षिकाबाट पठनपाठन गराइन्छ ।
– कम्प्युटर ल्याबको व्यवस्था भएको ।
– विज्ञान प्रयोगशालाको व्यवस्था भएको ।
– CC Camera को निगरानीमा पठनपाठन गराइन्छ ।
– Monthly Test को व्यवस्था भएको ।

सम्पर्क फोन नं. ०३१-५९०१९२
मोवाइल नं. ९८१२०२२१३५ (प्रिन्सिपल)
मो. नं. ९८०४७२६१९२, ९८४२८२३२७१






अनुरोधकर्ता
शम्भुनाथ नगर कार्यपालिकाको कार्यालय, सप्तरी






अनुरोधकर्ता
महादेवा गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी






अनुरोधकर्ता
छिन्नमस्ता गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*